आज मिति २०७७ साल मार्ग ११ गतेको दिनको ११:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ।

## उपस्थिति

| क्र.सं : | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: नर बहादुर चौधरी | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री | वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल | वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २९. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३०. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१ | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३२ | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३३ | | श्री जंग मल्ल | रोजगार संयोजक |

प्रस्तावहरु :-
(१) कोभिड व्यवस्थापन सम्बन्धमा
(२) वडा कार्यालय निर्माण सम्बन्धमा
(३) हाट बजार र बसपार्कको ठेक्का सम्बन्धमा
(४) प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा
(५) पशु बजार व्यवस्थापन सम्बन्धमा
(६) सार्वजनिक जग्गाको व्यवस्थापन सम्बन्धमा
(७) सार्वजनिक शौचालयको व्यवस्थापन तथा वक्यौता भूक्तानी सम्बन्धमा
(८) विविध

निर्णयहरूः
नि.नं १ः
कोराना भाइरस (कोभिड-१९) को व्यवस्थापन गर्ने सन्दर्भमा स्वास्थ्य सुरक्षाका सवै मापदण्ड पालना तथा भौतिक दुरी समेत कायम गरी तालिम गोष्ठि लगायतका नगरपालिकाका वार्षिक विकास योजना बमोजिमका क्रियाकलापहरू सम्पादन गर्ने र नेपाल सरकार मन्त्रीपरिषदको मिति ०७७/७/२४ को निर्णय अनुसार ***"कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार समेतका कार्यहरूको लागि स्थानीय वडा तथा टोल विकास समितिहरूको भूमिका प्रभावकारी हुने भएकोले प्रत्येक वडा कार्यालयहरूले Dedicated Team गठन गरी कोभिड-१९ बाट संक्रमित भई नेपाल सरकारको स्वीकृत मापदण्डबमोजिम होम आइसोलेशनमा वसेका व्यक्तिहरूलाई स्वास्थ्य परामर्श उपलब्ध गराउने, स्वास्थ्य अवस्थाको निगरानी तथा उपचार गर्ने, थप उपचार आवश्यक भए अस्पताल लैजाने र मापदण्डको पालना गरे नगरेको अनुगमन गर्ने लगायतका कार्यहरू प्रभावकारी रूपमा गर्ने"*** भन्ने व्यहोरा उल्लेख भएबमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त यस सम्बन्धी निर्देशन बमोजिम तपसिल बमोजिमका सदस्यहरू रहने गरी वडा स्तरिय Dedicated Team गठन गरी यस सम्बन्धी आवश्यक कार्य अगाडी वढाउने निर्णय गरियो ।

तपसिलः

सम्बन्धित वडाको वडा अध्यक्ष – संयोजक
सम्बन्धित वडा हेर्ने स्वास्थ्य संस्थाको प्रमुख – सदस्य
सम्बन्धित वडाका टोल विकास संस्थाहरू मध्येबाट वडा समितिले तोकेको ३ जना –सदस्य

नि.नं २ः
चालु आ.व. ०७७/०७८ को वार्षिक कार्यक्रम अन्तरगत वडा कार्यालको भवन निर्माण अन्तरगत रू १,००,००,०००।०० विनियोजन भएकोमा उक्त विनियोजित रकम मध्येबाट भवन निर्माणको लागि जग्गा एकिन भएका तपसिल बमोजिमका वडाहरूको लागि देहायअनुसार रकम विनियोजन गरी ठेक्का प्रक्रिया मार्फत योजना कार्यान्वयन प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | | | | कै. |
|---|---|---|---|---|---|---|
| | | जि.स.स. | पालिका | वडा | जम्मा | |
| १ | वडा कार्यालय भवन, वडा नं १ | १५,००,०००।०० | ० | ० | १५,००,०००।०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | वडा कार्यालय भवन, वडा नं २ | १०,००,०००।०० | १०,००,०००।०० | ० | २०,००,०००।०० | |
| ३ | वडा कार्यालय भवन, वडा नं ३ | ० | १०,००,०००।०० | ० | १०,००,०००।०० | |
| ४ | वडा कार्यालय भवन, वडा नं ४ | २५,००,०००।०० | २५,००,०००।०० | ५०००००।०० | ५५,००,०००।०० | |
| ५ | वडा कार्यालय भवन, वडा नं ५ | ० | १०,००,०००।०० | ० | १०,००,०००।०० | |
| ६ | वडा कार्यालय भवन, वडा नं ७ | ० | १५,००,०००।०० | ८००,०००।०० | २३,००,०००।०० | |
| ७ | वडा कार्यालय भवन, वडा नं ८ | ० | १०,००,०००।०० | ० | १०,००,०००।०० | |
| ८ | वडा कार्यालय भवन, वडा नं १० | ० | १५,००,०००।०० | १५००,०००।०० | ३०,००,०००।०० | |

नि.नं ३ः

यस नगरपालिका वडा नं ४ अन्तरगत रहेको वसपार्क र गत आ.व.मा ठेक्का बन्दोवस्त भएका साप्ताहिक हाटवजारहरू समेत सञ्चालनमा आएको सन्दर्भमा राजश्व परामर्श समितिको सिफारिस समेतको आधारमा बसपार्कको पार्किङ्ग शुल्क कार्यालयले अमानत विधिबाट संकलन गर्ने र साप्ताहिक हाटबजारहरूको हकमा गत आ.व.मा सम्बन्धित व्यावसायीहरूले अधिकतम कवोल गरेको अँकलाई आधार मानी चालु आ.व.को बाँकी ६ महिना अवधिको लागि तपसिल बमोजिम न्युनतम कवोल अँक कायम गरी सम्बन्धित कम्पनीहरूबाट दरभाउपत्र माग गर्न विद्युतिय खरिद प्रक्रिया (E- Bidding) मार्फत ठेक्का प्रक्रिया अगाडी वढाउने र तत्कालको लागि आवश्यक परे कार्यालयबाटै राजश्व संकलन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | साप्ताहिक हाटवजारको नाम | गत आ.व.मा कवोल गरेको रकम | चालु आ.व.को ६ महिनाको लागि प्रस्तावित न्युनतम कवोल अंक ( भ्याट वाहेक) |
|---|---|---|---|
| १ | आईतवारे साप्ताहिक हाटवजार बर्दघाट-८, भुताहा | ५८५००० | २९२५०० |
| २ | शुक्रवारे साप्ताहिक हाटवजार बर्दघाट-४, बर्दघाट | १०५१००१ | ५२५५००।५ |
| ३ | भटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२, | ४५०००० | २२५००० |
| ४ | वुधवारे हाटवजार चिसापानी, बर्दघाट, २ | ४२५००० | २१२५०० |
| ५ | सोमवारे हाटवजार माकर, १ | २२५१०० | ११२५५० |
| ६ | आइतवारे हाटवजार , वर्दघाट, १४ | २५०००० | १२५००० |
| ७ | सनिवारे हाटवजार बर्दघाट, १४ | २३०००० | ११५००० |
| | | ३२१६१०१ | १६०८०५०।५ |

नि.नं ४ः

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्राप्त हुने नियमित अनुदान तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यान्वयन गर्न मिति ०७७/६/२० सम्म रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएका व्यक्तिको संख्याको आधारमा प्राप्त हुने शसर्त अनुदान यस नगरपालिकालाई पनि प्राप्त हुने व्यहोराको जानकारी भयो साथै उक्त कार्यक्रम अन्तरगतको मन्त्रालयबाट प्राप्त सबै रकम श्रममुलक प्रविधिमा आधारित र रोजगारी सिर्जना गर्ने खालको आयोजनामा ज्याला भुक्तानीमा मात्र खर्च गर्नु पर्ने संसोधित कार्यविधि बमोजिम वडा स्तरबाट यस सम्बन्धी योजना तर्जुमा गरी १५ दिन भित्र पेश गर्ने निर्णय गरियो ।

नि.नं ५:
यस नगरपालिका भित्र खसि वाख्रा हरूको वेच विखन भैरहेको तर यसको विक्रि वितरण गर्नको लागि उपयूक्त स्थान नतोकिएकोले यसलाई थप व्यवस्थित गर्ने सन्दर्भमा हप्तामा २ दिन खसि वाख्रा वेच विखन गर्ने गरी विक्रि वितरण केन्द्रको रूपमा वडा नं १४ को शुक्रबस्तीमा रहेको River Bank मा रहेको खुला स्थानलाई तोकी यस स्थानको थप व्यवस्थापन गर्ने निर्णय गरियो ।

नि.नं ६:
वडा नं ६ को कार्यालयबाट वडा कार्यालय अगाडी खेल मैदान समेत रहेको कि.नं ८१ को क्षेत्रफल ०–१–१० को सार्वजनिक जग्गा विभिन्न व्यक्तिहरूले जालसाजी गरी व्यक्तिगत रूपमा नामसारी गरेको हुँदा उक्त जग्गा नेपाल सरकारको नाममा नामसारीको लागि उचित व्यवस्था मिलाई कारवाही प्रक्रिया अगाडी वढाइदिन यस नगरकार्यपालिकाको कार्यालय समक्ष सिफारिस पेश गरेको सन्दर्भमा अन्य वडाहरूमा समेत विभिन्न स्थानमा रहेका सार्वजनिक जग्गाहरू विभिन्न व्यक्ति तथा संस्थाहरूले जालसाजी गरी व्यक्तिगत रूपमा नामसारी गरेको अवस्था भएमा त्यस्ता जग्गाहरू समेत पहिचान गरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा नेपाल सरकारको नाममा नामसारी गर्ने व्यवस्थाको लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

नि.नं ७: यस नगरपालिका वडा नं ४ स्थित वसपार्कमा रहेको सार्वजनिक शौचालयको गत श्रावण महिना देखीको खानेपानी महसुल भूक्तानी गर्ने र सोको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित ~~वडा कार्यालय~~ टोल विकास [illegible] लाई दिने निर्णय गरियो ।

नि.नं ८: आर्थिक प्रशासन शाखाबाट तयार भएबमोजिमको चालु आ.व.को प्रथम चौमासिक अवधिको वित्तिय प्रगतिको विवरण सार्वजनिक गर्ने निर्णय गरियो ।

नि.नं ९: लुम्बिनी प्रदेश सरकारको सहयोगमा यस नगरपालिका वडा नं ४ स्थित पारिजात सामूदायिक बनको क्षेत्रभित्र पर्ने इलाका प्रहरी कार्यालय बर्दघाटको पूर्व तर्फ रहेको करिव १५ कठ्ठा जग्गामा Refresh Centre निर्माण गर्ने सन्दर्भमा जग्गाको भोगाधिकार लिने प्रयोजनको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने स्थानीय सिफारिस समितिको वैठक राखी आवश्यक निर्णय लिन जिल्ला प्रशासन कार्यालय नवलपरासी (बसुप) लाई अनुरोध गर्ने निर्णय गरियो ।